नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: ८३

मिति :२०७७/०६/१५

विषय: सहयोग र समन्वय गरिदिने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको प.सं.२०७७/०७८ च.नं. ८८७ मिति २०७७/०६/१० को सहयोग र समन्वय गरिदिने सम्बन्धी प्राप्त पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, पुल्चोक, ललितपुर ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

स्न ५११/०७५ ५

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

अत्यन्त जरुरी

नेपाल

(योजना तथा प्रशासन शाखा)

प.सं. २०७७/०७८
च.नं. ८९७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २९९९
मिति:- २०७७।६।१३

मितिः २०७७/६/१३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषयः- सहयोग तथा समन्वय गरिदिने सम्बन्धमा ।

नेपालमा २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरु मध्ये व्यक्ति वेपत्ता पार्ने कार्य र सो मा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन आयोगले आफ्नो काम कारवाही निरन्तर रुपमा अगाडि बढाई रहेको छ। सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा छानबिन, सत्य अन्वेषण, परिपूरण सिफारिस, परिचयपत्र वितरण, छानबिन पछिको जानकारी उपलब्ध गराउने, पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने र भविष्यमा द्वन्द्व दोहोरिन नदिनका लागि नीतिगत, संस्थागत, कानूनी, प्रशासनिक तथा व्यवहारिक सुधारको प्रतिवेदन तयार गर्ने समेतका जिम्मेवारी तोकी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोगको गठन भएको हो।

आयोगले गर्नु पर्ने उल्लेखित कार्यहरू मध्ये पीडितलाई तोकिए बमोजिमको परिचयपत्र उपलब्ध गराउने कार्यको लागि स्थानीय तहबाट भई आएको मुचुल्काको आधारमा पीडितलाई परिचयपत्र दिने विषय यकिन गर्न उपयुक्त हुने भएको हुँदा आयोगमा दर्ता भएका उजुरीको आधारमा बेपत्ता भएका व्यक्तिको स्थायी ठेगाना रहेका स्थानीय तहहरूमा सर्जमिन मुचुल्का गरी पठाइ दिन हुन भनी आयोगबाट पत्राचार भई सकेको छ। यसै गरी आयोगको व्यक्ति बेपत्ता पारिएका घटनाका पीडित परिवारका सदस्यहरुलाई परिचयपत्र उपलब्ध गराउने सम्बन्धमा बेपत्ता व्यक्तिको परिवारको पहिचानको लागि स्थानीय तहबाट परिवारिक विवरण सिफारिस समेतका आधारमा यकिन गर्नु पर्ने हुन्छ। यसैले सबै स्थानीय तहहरूलाई आयोगबाट लेखि पठाएको अवस्थामा बेपत्ता व्यक्तिको परिचयपत्र पाउने परिवारका सदस्यहरुको पारिवारिक विवरण यकिन गरी सिफारिस गरि दिन र मुचुल्का तयार गरी आयोगमा पठाउने कार्यमा सहयोग गरिदिनु भनी सबै स्थानीय तहहरुमा परिपत्र गरी यस आयोगको कार्यमा समन्वय र सहजीकरण गरिदिनु हुन आदेशानुसार अनुरोध गरिएको छ ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- ८१०
मिति:- ०७७/६/१४
समय:-

पुरूषोत्तम सुवेदी
उपसचिव

"मर्यादाका लागि सत्य-तथ्य, न्याय र परिपूरण"

फोन नं.: ०१-५०१०१९६, ०१-५०१०४८१
फ्याक्स नं.: ०१-५०१०१६८
टोल फ्रि नं.: १६६०-०१-२२१११
इे-मेलः info@ciedp.gov.np
ciedpnepal@gmail.com
वेवसाइट :http://www.ciedp.gov.np

संचयकोष भवन, पुल्चोक, ललितपुर